# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुश्मीसेरा, बागलुङ

पत्र संख्याः २०७७/०७८ — गण्डकी प्रदेश नेपाल

च. नः — मितिः २०७७/०५/०९

**जैमिनी नगरपालिका कुश्मीसेरा बागलुङ बाट जारी गरिएको अत्यन्त जरुरी सूचना!**

बागलुङ जिल्लामा कोभिड १९ को संक्रमण बढ्दै गइरहेको अवस्थामा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्ने गराउने सन्दर्भमा मिति २०७७।०५।०२ गते अत्यन्त जरुरी सूचना मार्फत जैमिनी नगरवासी तथा सम्बन्धित सरोकारवालाहरु लाई जानकारी गराईएकोमा हाल जैमिनी नगरपालिका भित्र १ जना पुरुषमा कोरोना पोजेटिभ देखिइ निज संगको कन्ट्राक्ट ट्रेसिङको कार्य भैरहेको र यस नगरपालिका संग जोडिएको छिमेकी बागलुङ नगरपालिकामा समुदाय स्तरमा नै संक्रमण देखिइ मिति २०७७।०५।१५ गते सम्म निषेधाज्ञा कायम रहेको परिस्थितीमा सदरमुकामको संक्रमणको असर प्रत्यक्ष रुपमा यस नगरपालिकामा समेत पर्न जाने देखिएकोले थप सतर्कता अपनाउनु पर्ने भएको हुँदा मिति २०७७।०५।०२ गतेको सूचना अनुसारका तपसिलका स्वास्थ्य मापदण्ड र संहितालाई **मिति २०७७।०५।१५ गते सम्म** कडाइका साथ पालना गर्नु गराउनु हुन नगर स्तरीय कोभिड १९ रोकथाम, नियन्त्रण तथा व्यबस्थापन समितिको मिति २०७७।०५।०९ निर्णयानुसार सम्पूर्ण नगरबासीहरुमा जैमिनी नगरपालिका हार्दिक अनुरोध गर्दछ । तोकिए विपरित क्रियाकलापहरु भए गरेको पाइएमा संक्रामक रोग ऐन २०२० तथा अन्य प्रचलित कानून बमोजिम कार्वाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

१. खुला स्थानमा मानिसहरु भेला जम्मा नहुने, भीडभाड नगर्ने, जुलुस नगर्ने नगराउने, भिडभाड हुने गतिविधि नगर्ने नगराउने र अत्याबश्यक कामका लागि घर बाहिर निस्कदा अनिबार्य रुपमा मास्कको प्रयोग गर्ने ।

२. अत्यावश्यक बाहेकका निजी तथा भाडाका सवारी साधन (दुईपाङ्ग्रे समेत) लगायत सवै सवारी साधनहरु जोर-बिजोर प्रणाली (जोर गते जोर र विजोर गते विजोर) मा संचालन गर्ने र भाडाका सवारी साधन पिकअपको पछाडी ढालामा यात्रु नचढाउने ।

३. मठ मन्दिरहरुमा दैनिक हुने नित्यपूजा बाहेकका सम्पूर्ण धार्मिक गतिविधि सञ्चालन नगर्ने नगराउने ।

४. उद्योग-ब्यापार ब्यवसाय अन्तर्गत स्वास्थ्य मापदण्ड विपरीतका क्रियाकलाप नगर्ने नगराउने एबम् अत्यावश्यक सेवा बाहेकका पसलहरु बन्द गर्ने, अत्यावश्यक सेवाका पसल संचालन गर्दा मास्क र सेनिटाइजरको अनिवार्य रुपमा प्रयोग गर्ने ।

५. जात्रा, पर्व, महोत्सव सञ्चालन नगर्ने नगराउने, चाडपर्व लगायतका धार्मिक, सांस्कृतिक कार्यका लागि जैमिनी नगरपालिका भित्र जम्मा भेला भएको भन्ने सुनिन आएकोले यस्ता भेला र जमघटहरु नगर्ने नगराउने ।

६. कतिपय बिद्यालय तथा शैक्षिक संस्थाहरुको कक्षा सञ्चालन गर्ने गरेको पाइएकोले बिद्यालय र शैक्षिक संस्थामा कक्षा संचालन नगर्ने ।

७. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मनोरञ्जन स्थल, समुहमा खेलिने खेलकुद, पुस्तकालय र संग्रहालय सञ्चालन नगर्ने नगराउने ।

८. फुटपाथ, खुला ठाउँ र ठेलागाडा साइकलमा संचालन हुने विभिन्न व्यवसाय र कवाडी संकलन नगर्ने नगराउने ।

९. टेकअवे (प्याकिङ गरि खाना लैजाने) बाहेक होटेल र रेष्टुरेण्ट सञ्चालन नगर्ने नगराउने ।

१०. सार्वजनिक निजी तथा बित्तिय संस्थाहरु सिमित कर्मचारीहरुबाट स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने गरी मात्र संचालन गर्ने ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत